१२७ औं कार्यपालिका बैठकको एजेण्डा :

१) सङ्घीय तथा प्रदेश सरकारमा पेश गर्ने समपुरक तथा विशेष अनुदानका आयोजना सम्बन्धमा ।

२) नेपाल नगरपालिका संघबाट प्राप्त पत्रानुसार नगरपालिकाको वर्गीकरण, सिमाना तथा स्तरोन्नती प्रक्रिया सम्बन्धमा ।

३) बहुउद्देश्यीय कृषि फर्म, वडा नं १३ ले सुरु गरेको तरबुजा खेतीलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

४) शहरी स्वास्थ्य केन्द्र सिटिहल स्याङ्जामा ल्याब सेवा सुरु गर्ने सम्बन्धमा ।

५) जीवन योग प्रयोगशाला व्यवस्थापन समितिको माग निवेदन बमोजिम योगा म्याट तथा कार्पेट व्यवस्थापन सम्बन्धमा ।

६) नगरपालिका अन्तर्गत रहेका खोला, नाला, तथा पुल, पुलेसाहरूको IEE Report सम्बन्धमा ।

७) AC/ARTEC JV का समिर कार्की र लाखे विल्डर्स पन्चासे जेभीका धनेश्वर गुरुङको माग निवेदन बमोजिम क्रमशः खहरे खोला, वडा नं ७ र रिङ्गदी खोलाको पुछारबाट १५०० र १४०० घन मिटर ढुङ्गा, गिट्टी, बालुवा प्रति घनमिटर रु ४३५ (भ्याट सहित) का दरले उपलब्ध गराउने सम्बन्धमा ।

८) सडक बोर्डबाट प्राप्त रकम खर्च गर्ने सम्बन्धमा ।

९) सात धारा सिद्ध गुफा तथा मन्दिर व्यवस्थापन समितिको निवेदन बमोजिम सिद्ध गुफा मन्दिर पु.ब.न.पा १० मा शिव रात्री पुजाको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

१०) घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धमा ।

.................................

तुलसीराम रेग्मी

नगर प्रमुख

२०८२ माग २७ गते मंगलबार

## १२७ औं कार्यपालिका बैठकका निर्णयहरू :

**निर्णय नं. १:**

निर्णयः नेपाल सरकार, राष्ट्रिय योजना आयोगको मिति २०८२/०८/२६ गतेको प्रदेश सरकार र स्थानीय तहमा आ.व. २०८३/८४ का लागि संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना अनुसार समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८२ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८२ मा व्यवस्था भए बमोजिम प्रदेश सरकार र स्थानीय तहबाट संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत आ .व. २०८३/८४ मा कार्यान्वयन हुने गरी गत आर्थिक वर्षदेखि सञ्चालनमा रहेका देहाय बमोजिम क्रमागत तथा आगामी आर्थिक वर्षका लागि देहाय बमोजिमका योजनाहरुको प्रस्ताव तयार गरी पेश गर्ने निर्णय गरियो।

क) समपूरक अनुदान तर्फ पेश गरिने योजना/ कार्यक्रमहरु :

१. आमडाडा सतौं मैदान सडक (क्रमागत)

२. नयाँबजार पौवे-हटिया सडक

३. हुँदीखोला मसर्का मोहरिया सडक

ख) विशेष अनुदान तर्फ पेश गरिने योजना/कार्यक्रमहरु :

१. मालेबगर कभर्डहल खेलमैदान, फोहोरमैला केन्द्र, बधशाला संरक्षणका लागि नहर व्यवस्थापन (क्रमागत)

२. फोहोर मैला व्यवस्थापनका लागि सरसफाई केन्द्र भित्र संरचना निर्माण

३. प्राङ्गारिक तरकारी खेती कार्यक्रम

**निर्णय नं. २:**

नेपाल नगरपालिका संघबाट प्राप्त पत्रानुसार नगरपालिकाको वर्गीकरण, सिमाना तथा स्तरोन्नति सम्बन्धमा तत्काल कुनै पनि सम्भावना नरहेकोले सोही अनुसार लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३:**

बहुउद्देशीय कृषि फर्म, वडा नं १३ को माग निवेदन सम्बन्धमा नगरपालिका भित्र नयाँ व्यवसायका रुपमा तरबुजा खेती नमुनाका रुपमा अगाडि बढाएकाले प्रोत्साहन स्वरूप रु २०,००० आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४:**

नगरपालिका अन्तर्गत वडा नम्बर १ मा विगतदेखी नै सञ्चालनमा रहेको शहरी स्वास्थ्य केन्द्रमा आगामी फाल्गुन १५ गतेदेखी LAB (प्रयोगशाला) सञ्चालन गर्ने निर्णय गरियो ।

..............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..............................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८२ माग २७ गते मंगलबार

**निर्णय नं. ५:**

जीवन योग प्रयोगशाला व्यवस्थापन समितिको माग निवेदन सम्बन्धमा रु ५०,००० सम्मको म्याट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६:**

नगरपालिका अन्तर्गतका खोला, नाला, पुल पुलेसाहरुको छायाँ कन्सल्टेन्सी प्राइभेट लिमिटेडबाट पेश भएको IEE सम्बन्धी प्रतिवेदन परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

AC/ARTEC JV का समिर कार्की र लाखे विल्डर्स पन्चासे. JV का धनेश्वर गुरुङ्गले प्रदेश सरकार तथा नगरपालिका मार्फत सञ्चालनमा रहेका आयोजनाका लागि मात्र भएको नदीजन्य सामाग्री प्रति घन मिटर रु ४३५ का दरले AC/ARTEC JV लाई वडा नम्बर ७ को खहरे खोलाबाट १५०० घन मिटर र लाखे विल्डर्स पन्चासे JV लाई रिङ्गदी खोलाको पुछारबाट १४०० घनमिटर Heavy Equipment प्रयोग गरी नगर प्रहरीको प्रत्यक्ष निगरानीमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८:**

सडक वोर्ड नेपालबाट आर्थिक वर्ष २०८२/८३ को लागि विनियोजित भएको रकम नगरपालिकाको लागत साझेदारीमा वडा नं ७ अन्तर्गत नयाँबजार हुँदीखोला मसर्का (वडा कार्यालय सम्म) सडक मर्मत सम्भार तथा स्तरोन्नति गर्न लागत अनुमान रु १५९८३२९२.४०(अक्षेरुपि एक करोड उनन्साठी लाख त्रियासी हजार २ सय बयानव्वे रुपैया चालिस पैसा ) स्वीकृत गरी सडक बोर्ड नेपालमा कार्यक्रम स्वीकृतिका लागि पठाउने र सडक वोर्ड नेपालबाट विनियोजन भएको रकम रु ४५००००० मा नपुग हुने रकम नगरपालिकाले व्यहोर्ने गरी सडक वोर्ड नेपालबाट स्वीकृति लिई वहुवर्षीय आयोजनाका रुपमा अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ९ :**

वडा नम्बर १० अन्तर्गत सातधारा सिद्धगुफा तथा मन्दिर व्यवस्थापन समितिको माग निवेदन तथा वडा कार्यालयको सिफारिस अनुसार महाशिव रात्री पुजा सञ्चालनका लागि रु २० हजार संस्कृति संरक्षण तथा प्रवर्दन शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०:**

निर्माण व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक कागजात सहित निवेदन पेश गर्ने देहाय बमोजिमका निर्माण व्यवसायीहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

| क्र.स | कम्पनीको नाम | ठेगाना |
|---|---|---|
| १ | खानसार कम्पनि प्रा.लि. | पुतलीबजार-१ |

..........................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..........................
तुलसी राम रेग्मी
नगर प्रमुख